# बिद्रोह र मुक्ति
# (Rebellion and Redemption)

लेखकः
डेभिद टास्कर
**(David Tasker)**

भावानुवादक
**भजुराम तखाछेँ श्रेष्ठ**

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च
नेपाल सेक्सन
नेपाल

यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:
१२५०१ ओल्ड कोलम्बिया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादक: जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्ने: जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग

प्रथम संस्करण : २०७२ (ई.सं. २०१६)
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
सम्पादन सहयोगी - अमर पोते

कम्प्यूटर लेआउट तथा आवरण चित्र
**सुजीत कुमार साह**
**प्रकाशक:** पा. उमेश कुमार पोखरेल,
अध्यक्ष: नेपाल सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट चर्च ६६३७१८१,
ईमेल ठेगाना umesh.shantipokharel@gmail.com
सम्पर्क:- पास्टर कुबेर लामिछाने ☎ ९८४१७१५०९५
एल्डर भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२ **bhajupurna@gmail.com**

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उद्‌ध गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्‌ध गरिएका छन्।

# भूमिका

## बिद्रोह (परमेश्वरको बिरुद्धमा पाप गरिरहने प्रवृत्ति) र मुक्ति (हामीहरूका पापबाट पाउने उद्धार)

परमेश्वरको सिद्ध सृष्टिमा पाप कसरी उब्जियो सो हामीलाई थाहा छैन। तर पाप नै ख्रीष्ट र शैतानको बीचमा भएको महान् युद्ध अर्थात् अन्तर्द्वन्द बिवादको सुरुवात हो भनेर हामीलाई ज्ञान छ। ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् संग्रामको बीचमा हामी मानव जाति होमिएकाछौं भनेर पनि हामीलाई थाहा छ। त्यस युद्धमा हामी कोही मानिस पनि उम्किन सक्दैन।

तर यस संसार सृष्टि गर्ने अवधारणा परमेश्वरको मनमा पस्दा यस संसारमा त्यस्तो बिवादको सृजना गर्ने न त उहाँको सोचाइ थियो न त हुनु नै पर्ने थियो। सृष्टि अत्यन्त असल थियो र परमेश्वरले आशिष दिनुभएको थियो। सिद्ध वा पक्व सृष्टिको सम्भारकर्ता परमेश्वर नै हुनुहुन्छ भनेर उहाँको पहिचान गरिएको थियो। तर उहाँले सृष्टि गर्नुभएको सृष्टिलाई रेखदेख गर्न परमेश्वरले आदम र हब्बालाई जिम्मा दिनुभएको थियो। जब शैतानले आदम र हव्वालाई धोका दिए तब यस संसारमा धर्म र पाप वा ख्रीष्ट र शैतानको बीचमा महान् विवाद युद्धको सुरू भयो। ती जोडिमा भएको परमेश्वरप्रतिको बफादारिता, आराधना, विश्वास, आस्था र स्वीकारिएको स्वामित्व शैतानले आफ्नै निम्ति खोसे। यदि ती जोडिले परमेश्वरको सरल आज्ञालाई पालन गरेको भए यस संसारको दुर्गती हुने थिएन।

"परमेश्वरको सही चरित्र वा स्वभावलाई शैतानले बँग्याउन भरमग्दुर प्रयास गर्दछ। सृष्टिकर्ता परमप्रभु सनातनका परमेश्वरको बारेमा विभिन्न गलत धारणाहरूको सृजना गर्न शैतानले मानिसहरूलाई उक्साउँछ। परमेश्वरलाई प्रेम गर्नुको सट्टा उहाँतर्फ बिद्रोह, त्रास, घृणा आदि नकारात्मक भावनाहरू जगाउन उसले प्रयत्न गर्दछ। (संसारलाई सही रूपमा र व्यवस्थित ढँगमा सञ्चालन गर्न रचिएको थियो)। उहाँको व्यवस्था वा दश आज्ञाका नीतिहरूलाई निकम्मा तुल्याउन शैतानले नै कोशिश गर्दछ। दश आज्ञाहरूमा दिएका निर्देशन तथा आवश्यकताहरू पालन गर्नुपर्दैन भनेर मानिसहरूको सोचमा घुसुाउन शैतानले अग्रज भूमिका खेल्दछ। तर जुनसुकै मोल

चुकाउनुपरेतापनि परमेश्वरमा निष्ठावान हुनेहरूको बिरुद्ध शैतानको आक्रमण युगौंसम्म जारी छ। पुराना करारमा परमेश्वरले चुन्नुभएका वयोवृद्ध अग्रज र विश्वासका पूर्खाहरू, अगमवक्ताहरू, प्रेरित तथा चेलाहरू, शहीदहरू र सुधारवादीहरूका इतिहासहरूमा शैतानका रक्तालु आक्रमणहरूको बारेमा पढ्न सकिन्छ।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. १२,१३बाट रूपान्तरित।

तर हामीहरूलाई हामीहरूको बिजोगबाट जोगाउन परमेश्वरसँग जवाफ छ। जब परमेश्वरको दिमागमा संसार सृष्टि गर्ने निर्णय गर्नुभएको थियो त्यसबेला मानव जात पापको फन्दामा पर्नेछ भन्ने उहाँलाई थाहा थियो (एफिसी १:४)। त्यसकारण उहाँले तुरन्तै उद्धार योजना तर्जुमा गर्नुभएको थियो। उत्पत्ति १५ अध्यायमा उल्लेखित बिवरणले त्यो मुक्तिको योजनालाई प्रतिकको रूपमा देखाइएको थियो जब परमेश्वरले अब्रामहसँग भेट गर्नुभयो। पशुलाई टुक्रा गरिन्दा त्यसको बीचबाट परमेश्वर हिड्नुभएको थियो त्यसबेला उहाँले आफ्ना जनहरूलाई कसरी उद्धार गर्नुहुनेछ भने अब्राहमलाई शङ्केतको रूपमा देखाउनुभएको थियो। त्यो पुरानो बिधि अब्राहम र हामी सबैको निम्ति प्रतिज्ञाको चिन्हो थियो। पापको समस्यालाई अन्त गर्न परमेश्वरले त्यस चिन्होबाट प्रतिज्ञा गर्नुभएको थियो।

मानिसको विद्रोह वा पाप गर्ने प्रवृत्तिको निम्ति परमेश्वरले पूरा जिम्मा लिन प्रतिज्ञा गर्नुभएको थियो र हामी प्रत्येकले गर्ने दुष्टयाईंको निम्ति महाकष्ट पाउन उहाँ राजी हुनुभएको थियो। पृथ्वीका सारा मानिसहरूसँग र बाँकि सृष्टिसँग उहाँको सम्बन्धको पुनर्स्थापना वा पुनर्मिलन गर्ने उपाय त्यो भन्दा बिकल्प थिएन।

त्यस पृष्ठभूमीमा शैतानको खतरनाक चलखेल देख्दछौं। परमेश्वरको करूणामय चाहनालाई छताछुल्ल पार्न शैतानले उहाँको सृष्टि र उहाँप्रति निष्ठावान हुने जनहरूको सत्यानाश गर्न कठोर र ढिपीपूर्ण प्रयास जारी गरिरहेको पाउँछौं। उनको दुष्ट योजनालाई बाइबलले भन्डाफोर गर्दछ। व्यक्तिमा, परिवारमा र राष्ट्र राष्ट्रको बीचमा भइरहेको असल र खराबको प्रतिस्पर्धामा शैतान धरोहरको रूपमा खलनायकको भूमिका खेलिरहेका छन्। दु:ख कष्ट, अनिकाल, दासत्व र जेलनेलको पिडामा शैतानले अग्रज भूमिका खेलिरहेको छ भनेर बाइबलले बताउँछ। सनातन सृष्टिकर्ता परमपिता परमेश्वरप्रति आस्था वा भरोसा राख्ने मानव चाहनालाई उसले हरतरहबाट ध्वस्त पारिरहेको छ र सृष्टिकर्तालाई भन्दा आफूहरूले बनाएका मूर्ती तथा

आविश्कारहरूलाई पूजनीयको रूपमा मानुन् भनेर मानिसहरूले उसले भड्काइरहेको छ।

तर शैतानको आशयलाई परमेश्वरले जहिले पनि हराइरहनुभएको तथ्य बाइबलमा उघारिएको छ। आदम र हव्वाबाट खोसिएको क्षेत्रलाई येशू आउनुभएर 'परमेश्वर हामीहरूसित वा इम्मानुयल''ले पुःन कब्जा गर्नुभएको छ। जहाँ आदम असफल भएका थिए त्यहाँ येशूले सफलता पाउनुभयो। येशूले गर्नुभएको सेवाकार्यमा सृष्टि र दुष्टका बीरहरूमाथि आफूले जितेको देखाउनुभएको थियो। उहाँ स्वर्गमा उतिर्नुभन्दा अघि उहाँले उहाँका चेलाहरूलाई स्वर्गको राज्यको सिमालाई फराकिलो पार्न निर्देशन दिनुभएको थियो र शक्ति सम्पन्न पनि गर्नुभएको थियो।

क्रुसमा येशूले दिग्विजय वा ठूलो बिजय पाउनुभएको थियो। तर हामी प्रत्येक मानव प्राणीलाई जहिले पनि चुनौतीको रूपमा हाम्रो सामु निर्णय गर्ने अधिकार तेर्स्याइरहेको छः के हामीहरूको निष्ठा वा आस्था बिजयी ख्रीष्टको पक्षमा कि हारेको शैतानको पक्षमा। हामीले गर्नुपर्ने आत्मनिर्णय सजिलो र स्पष्ट भएको ठान्नुपर्छ। तर येशू र शैतानको बीचमा को ठीक वा बेठीक भन्ने चर्किरहेको बिबादको युद्ध जारी छ। र आफ्ना अनेकन् झुठा र नकल्ली आश्वासनहरूले मानिसहरूलाई मुग्ध पार्न शैतान अत्यन्त व्यस्त छ। त्यसकारण हामीहरूको हृदय र दिमागमा भइरहने संग्राम चलि नै रहेको छ। यस अध्ययन पुस्तकमा शैतानले ल्याइएका केही झुठामुठा कुराहरू कस्ता रहेछन् भनेर पाठकहरूले बुझ्न सकुन् भन्ने हामीहरूको आशा र प्रार्थना छ। यस अध्ययन पुस्तिकाले हामीहरूलाई ख्रीष्टलाई चुन्न र उहाँप्रति निष्ठावान तथा बफादारी भएर बस्न हामीहरूलाई सहयोग गरून् भन्ने हाम्रो कामना छ। येशूले कबूल गर्नुभएको छः 'जब व्यक्ति अन्तमा स्थिर वा अटल भएर बस्छ उसले उद्धार पाउने छ'' (मत्ती २४:१३ रूपान्तरित)।

डेभिद टास्कर साउथ पासिफिक डिभिजनको क्षेत्रिय सचिब हुनुहुन्छ। उहाँ पुरानो करारको अध्ययनमा बिशारद वा पिएचडी हासिल गर्नुभएको थियो। उहाँ जन्मनुभएको देश न्युजिल्याण्डमा उहाँ पास्टरको काम गर्नभएको थियो, सोलोमन टापुहरूको मिसन अध्यक्ष हुनुभएको थियो। साथै पपुवा न्यु गिनी स्थित पासिफिक युनिभर्सिटिको बिब्लिकल स्टडिज र फिलिप्पिनको एडभेन्टिस्ट इन्टरनाशनल इन्स्टिच्युट अभ आडभान्स स्टडिजको लेक्चरर हुनुहुन्छ। उहाँ र उहाँकी श्रीमती क्यारोलका दुई बिबाहित छोराहरू र तिन नातीहरू छन्।

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | स्वर्गमा सङ्कट | १ |
| २. | अदनको बगैँचामा सङ्कट | १७ |
| ३. | विश्वव्यापी बिद्रोह | २९ |
| ४. | संघर्ष र सङ्कट | ४३ |
| ५. | ख्रीष्ट र शैतानको बीचमा महान् युद्ध | ६१ |
| ६. | उजाड स्थानमा येशूको बिजय | ८१ |
| ७. | येशूको र शैतानको बीच भएको युद्ध | ९३ |
| ८. | ख्रीष्टको साथमा सहयोद्धाहरू | १०५ |
| ९. | महान् युद्ध र सुरूको चर्च | ११९ |
| १०. | प्रेरित पावल र बिद्रोह | १३९ |
| ११. | पत्रुस र महान् युद्ध | १५२ |
| १२. | युद्धको मैदानमा चर्च | १६५ |
| १३. | उद्धार तथा मुक्ति | १७९ |

# अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन चैत्र १३, २०७२(मार्च २६, २०१६)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | पौष ११–१७(डिसेम्बर २६,२०१५–जनवरी १) |
| २ | अध्याय २ | पौष १८–२४(जनवरी २–८) |
| ३ | अध्याय ३ | पौष २५–माघ १(जनवरी ९–१५) |
| ४ | अध्याय ४ | माघ २–८ (जनवरी १६–२२) |
| ५ | अध्याय ५ | माघ ९–१५ (जनवरी २३–२९) |
| ६ | अध्याय ६ | माघ १६–२२(जनवरी ३०–फेब्रु ५) |
| ७ | अध्याय ७ | माघ २३–२९ (फेब्रुअरी ६ –१२) |
| ८ | अध्याय ८ | फागुन १–७ (फेब्रुअरी १३–१९) |
| ९ | अध्याय ९ | फागुन ८–१४ (फेब्रुअरी २०–२६) |
| १० | अध्याय १० | फागुन १५–२१ (फेब्रुअरी २७–मार्च ४) |
| ११ | अध्याय ११ | फागुन २२–२८ (मार्च ५–११) |
| १२ | अध्याय १२ | फागुन २९–चैत्र ५ (मार्च १२–१८) |
| १३ | अध्याय १३ | चैत्र ६–१२ (मार्च १९–२५) |

प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|
| १ पौष ११-१७(डिसेम्बर २६,२०१५-जनवरी १) | | | | | | | |
| २ पौष १८-२४(जनवरी २-८) | | | | | | | |
| ३ पौष २५-माघ १(जनवरी ९-१५) | | | | | | | |
| ४ माघ २-८ (जनवरी १६-२२) | | | | | | | |
| ५ माघ ९-१५ (जनवरी २३-२९) | | | | | | | |
| ६ माघ १६-२२(जनवरी ३०-फेब्रु ५) | | | | | | | |
| ७ माघ २३-२९ (फेब्रुअरी ६ -१२) | | | | | | | |
| ८ फागुन १-७ (फेब्रुअरी १३-१९) | | | | | | | |
| ९ फागुन ८-१४ (फेब्रुअरी २०-२६) | | | | | | | |
| १० फागुन १५-२१ (फेब्रुअरी २७-मार्च ४) | | | | | | | |
| ११ फागुन २२-२८ (मार्च ५-११) | | | | | | | |
| १२ फागुन २९-चैत्र ५ (मार्च १२-१८) | | | | | | | |
| १३ चैत्र ६-१२ (मार्च १९-२५) | | | | | | | |